लुम्बिनी प्रदेश

शिक्षा, विज्ञान, युवा तथा खेलकुद मन्त्रालय

# शिक्षा तथा सामाजिक विकास निर्देशनालय

राप्ती उपत्यका (देउखुरी)

प.सः ०७८/०७९

च.नं.:

मितिः २०७८।०७।११

**विषयः एस.इ.ई. परीक्षाका प्रमाणपत्रहरुमा नाम, थर वा जन्ममिति संशोधन गर्ने सम्बन्धी सूचना ।**

प्रस्तुत विषयमा यस प्रदेश भित्रका विद्यालयहरुबाट २०७७ सालको एस.ई.ई. परीक्षामा सम्मिलित विद्यार्थीहरुको प्रमाणपत्रहरुमा नाम/थर/जन्ममिति तथा हिज्जे संशोधन गर्नुपर्ने भएमा देहायको अवस्था र तपसिलको कागजात सहित २०७७ सालको एस.ई.ई. परीक्षाको नतिजा प्रकाशन भएको मितिले ६ महिनाभित्र शिक्षा तथा सामाजिक विकास निर्देशनालय, लुम्बिनी प्रदेश राप्ती उपत्यका (देउखुरी), मसुरिया, दाङमा निवेदन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । साथै २०७२ सालदेखी २०७७ साल सम्मका परीक्षाका ग्रेडसिट, प्रमाणपत्र र माइग्रेशन प्रमाणपत्र प्रतिलिपि यस कार्यालयबाट उपलब्ध हुने व्यहोरा समेत अनुरोध छ ।

**प्रवेशपत्र / रजिष्ट्रेशन स्लिप अनुसार एस.ई.ई को ग्रेडसिट/प्रमाणपत्र संशोधन गर्नुपर्ने भएमा**

१. सक्कल प्रवेशपत्र / रजिष्ट्रेशन स्लिप

२. एस.ई.ई. को सक्कल ग्रेडसिट / प्रमाणपत्र

३. कक्षा ८ को ग्रेडसिट (स्थानीय तहबाट जारी)

४. विद्यालयको सिफारिस

५. शिक्षा विकास तथा समन्वय इकाईको सिफारिस

**नेपाली नागरिकता र एस.ई.ई को प्रमाणपत्रमा भएको नामथर तथा जन्ममिति फरक रहेमा**

१. नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गरेको भए उक्त प्रमाणपत्रमा नामथर/जन्ममिति तथा हिज्जे फरक पर्न गइ एस.ई.ई. परीक्षाका प्रमाणपत्र संशोधन गर्नुपर्ने भएमा नेपाली नागरिकता प्राप्त गरेको जिल्लाका प्रमुख जिल्ला अधिकारीले फोटो प्रमाणित सहित गरेको सक्कलै निर्णयपर्चा (फैसला) ।

२. नागरिकताको प्रमाणपत्र वा १६ वर्ष नपुगेकोलाई नाबालक परिचय पत्र

३. सक्कलै ग्रेडसिट/प्रमाणपत्र

४. कक्षा ८ को ग्रेडसिट (स्थानीय तहबाट जारी)

५. विद्यालयको सिफारिस

६. शिक्षा विकास तथा समन्वय इकाईको सिफारिस

७. जन्मदर्ता प्रमाणपत्र

**तिर्नुपर्ने दस्तुर**

१. प्रवेशपत्र/रजिष्ट्रेशन स्लिप अनुसार ग्रेडसिट, प्रमाणपत्र सच्चाएकोमा रु. ७०० (नतिजा प्रकाशन भएको मितिले ६ भित्र शुल्क लाग्ने छैन)

२. नागरिकता अनुसार ग्रेडसिट, प्रमाणपत्र सच्चाएकोमा रु. ७००

३. प्रतिलिपिकोः ग्रेडसिट रु. २५०, प्रमाणपत्र रु. २५०, माइग्रेशन रु. २५०

मनोज कुमार गैरे

नि. निर्देशक

पुनश्चः प्रदेश अभिलेख संशोधन उप-समितको बैठकबाट एस.ई.ई. परीक्षाका प्रमाणपत्र संशोधन गर्नुपर्ने भएकोले बुधवार देखि मंगलवार सम्म निवेदन संकलन गरिने र हरेक हप्ताको बुधवार समिति मार्फत संशोधन भइ प्रमाणपत्र जारी गरिनेछ। संशोधन गर्न नपर्ने प्रमाणपत्रको प्रतिलिपिको हकमा भने जुनसुकै दिन पनि उपलब्ध गराइने छ ।

सम्पर्क नं. - ९८५११५३२२६

- ९८०६०३१५६